लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२
च.न.:

## प्रस्ताव आहवान सम्बन्धी सूचना

(सूचना नं.: ०२/०८१/८२)

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/३०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.ब. ०८१/०८२को तपसिल बमोजिमका बार्षिक स्वीकृत कार्यक्रमहरुमा सहभागि हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशन भएको मितिले ३०(तिस) दिन भित्र (मिति २०८१।०७।२९ गते कार्यालय समय भित्र) कार्यालयमा आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, ब्यवसायिक कार्ययोजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट **www.rupandehi.vethos.gov.np** बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ पोखरी निर्माण | ६ हे. | ३० | जिल्ला भरी | आवेदकको किसिमः कृषक, फर्म, कम्पनी, समूह, समिति, सहकारी।<br>क्रियाकलापहरुः कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार प्रस्तावकले नँया पोखरी निर्माण गर्नु पर्ने।<br>मापदण्डः कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने, जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने, पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने।<br>अनुदान सिमाः अधिकतम ५०% वा प्रति हेक्टर जलाशय अधिकतम रु. ५ लाख मध्ये जुन कम हुन आँउछ। |
| २ | पुरानो पोखरी मर्मत संभार | ५ हे. | १० | जिल्ला भरी | आवेदकको किसिमः कृषक, फर्म, कम्पनी, समूह, समिति, सहकारी।<br>क्रियाकलापहरुः पोखरी मर्मत सम्भार।<br>मापदण्डः कम्तीमा ५ कठ्ठा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरुको मर्मत सम्भार गर्नु पर्ने, पानीको आपूर्ति सहज भएको र माछा पालन गरिरहेको उपयुक्त पोखरी हुनु पर्ने, मर्मत संभार गर्ने पोखरीको गहिराइ कम्तीमा १.५ मिटर कायम हुनुपर्ने, बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहितको पोखरी मर्मत सम्भार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रूपमा उचित कायम गर्नु पर्ने।<br>अनुदान सिमाः अधिकतम ५०% वा प्रति हेक्टर जलाशय अधिकतम रु. २ लाख मध्ये जुन कम हुन आँउछ। |

प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२
च.नं.:

| क्र.सं. | कार्यक्रम | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| ३ | मत्स्य बजारीकरणका लागी होल्डिङ्ग तथा कन्डिसनिङ्ग टैङ्क निर्माण | संख्या ६ | ६ | जिल्ला भरी | आवेदकको किसिमः फर्म, समूह, सहकारी, समिति, ह्याचरीकर्ता तथा नर्सरीकर्ता।<br>क्रियाकलापहरुः खाने माछा वा मत्स्य विज विक्रि वितरणको लागि होल्डिङ्ग ट्याकं वा कन्डिसनिङ्ग ट्याकं निर्माण कार्य गर्ने।<br>मापदण्डः न्यूनतम १५ कठ्ठा जलाशय क्षेत्रफलमा खाने माछा वा मत्स्य विजको कारोवार गरेको हुनुपर्ने, व्यवसायिक रुपमा फर्म दर्ता भएको हुनु पर्ने।<br>अनुदान सिमाः विनियोजित बजेटको परिधि भित्र रही कार्यालयले ७५% वा अधिकतम रु. १ लाख सम्म अनुदान दिन सकिने। |
| ४ | मत्स्य ब्यवसायका लागि यान्त्रिकरणमा सहयोग (सोलार सहित) | पटक १ | १० | रुपन्देही जिल्ला भित्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत मत्स्य सुपरजोन लागू नभएका क्षेत्र | आवेदकको किसिमः कृषक, फर्म, कम्पनी, समूह, समिति सहकारी।<br>क्रियाकलापहरुः एरिएटर, सम्मरसिवल पम्प, सोलार पम्म, ईलेक्ट्रिक मोटर, पम्प सेट, पेलेट मेसिन, फिडर मेसिन तथा अन्य मत्स्य ब्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान।<br>मापदण्डः कम्तीमा ०.३ हे. जलाशय क्षेत्रफल भएका प्रस्तावक मात्र कार्यक्रममा समावेश हुने।<br>अनुदान सिमाः कुल लागतको अधिकतम ५०% वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। |
| ५ | गोठ सुधार कार्यक्रम | पटक २ | ३० | सियारी र कंचन गाँउपालिका मात्र | आवेदकको किसिमः कृषक, फर्म, कम्पनी, समूह, सहकारी।<br>क्रियाकलापहरुः गोठको भुई सुधार, दानापानी खुवाउने डुड निर्माण, छानो र मुत्र संकलन खाडल निर्माण।<br>मापदण्डः कृषक/निजी उद्यमी/समूह/सहकारी मार्फत गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रममा सहभागी हुने कृषकले न्यूनतम ५ वटा गाई/भैसी पालन गरेको वा पालन गर्ने कार्ययोजना पेश गरेको हुनुपर्ने।<br>अनुदान सिमाः अधिकतम ५०% अनुदान<br>• प्रति कृषक घरधुरी अधिकतम रु. १ लाख,<br>• प्रति समुह/सहकारी अधिकतम रु. १० लाख। |

प्रमुख
(मत्स्य विकास निर्देशक)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२
च.न.:

**<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>**

१. प्रस्तावकको निवेदन (अनुसूची ३३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर,प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसूची ३६ बमोजिम) ।
६. कार्यक्रम सञ्चालनको लागी सम्बन्धित स्थानिय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समूह वा कम्पनीको हकमा)।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा)।
१०. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० बर्ष वा तोकिएको अवधिको करार पत्र।

*पुनश्चः स्वीकृत कार्यक्रमहरु "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" बमोजिम संचालन गरिने र थप जानकारीको लागि फोन नं. ०७१-५७०२०६ वा मोवाईल नं. ९८५७०११२६१मा सम्पर्क राख्न सकिनेछ।*

03/30

प्रमुख
(मत्स्य विकास निर्देशक)